'अनुसन्धान, सिर्जना र सम्मान !'

# नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान

## NEPAL ACADEMY OF FINE ARTS

सीताभवन, नक्साल, काठमाडौं ।

सम्पर्क नं : ०१-४५११७२९, ०१-४५११६४५, ०१-४५२१२०६

# राष्ट्रिय ललितकला प्रदर्शनी-२०८३ तथा प्रादेशिक ललितकला प्रदर्शनी-२०८२ सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२/०८/२५ (ने.सं. ११४६ थिंल्लागा ७ बिहीबार)**

**'सामाजिक रूपान्तरण : ललितकलाको अभियान'** भन्ने मूल भावमा रही आयोजना हुने राष्ट्रिय ललितकला प्रदर्शनी-२०८३ तथा प्रादेशिक ललितकला प्रदर्शनी-२०८२ र ती प्रदर्शनीसम्बन्धी कार्यविधिअनुसार **प्रादेशिक ललितकला प्रदर्शनीमा** समावेश भई छनोट भएका कलाकृतिहरू मात्र **राष्ट्रिय ललितकला प्रदर्शनी**मा समावेश हुने प्रावधान रहेको हुँदा उक्त प्रदर्शनीमा कलाकृति समावेश गर्नका लागि २०८२ पुस ३० गते (नेपाल संवत् ११४६ पोहेलागा ११) भित्र कलाकृतिहरू बुझाउन देशभरिका ललितकलाकर्मीहरूलाई हार्दिक आह्वान गरिन्छ । प्रदर्शनी सञ्चालन हुने मिति, प्रदर्शनीसम्बन्धी नियमहरू र अन्य विस्तृत विवरण यस प्रतिष्ठानको वेवसाइट **www.nafanepal.org** र प्रतिष्ठानको फेसबुक पेजमा हेर्न सकिने छ ।

अनुसूची १

दफा ३ को खण्ड (क) को (१) सँग सम्बन्धित

अनुसन्धान, सिर्जना र सम्मान !

# नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान

# NEPAL ACADEMY OF FINE ARTS

## प्रादेशिक ललितकला प्रदर्शनी - २०८२ तथा राष्ट्रिय ललितकला प्रदर्शनी - २०८३ सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२/०८/२५ (ने.सं. ११४६ थिंल्लागा २५ बिहीबार)**

**'सामाजिक रूपान्तरण : ललितकलाको अभियान'** भन्ने मूल भावमा रही नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ को दफा ५ को खण्ड (ट) समेतको प्रयोजनका लागि राष्ट्रिय ललितकला प्रदर्शनी कार्यविधि-२०८० र प्रादेशिक ललितकला प्रदर्शनी कार्यविधि २०८० बमोजिम यस प्रज्ञा-प्रतिष्ठानद्वारा निम्न मितिमा तपसिलका प्रदेशमा आयोजना हुने प्रादेशिक ललितकला प्रदर्शनीमा प्रतियोगी/अप्रतियोगी कलाकृति र २०८३ जेठ १५ गते काठमाडौँमा हुने राष्ट्रिय ललितकला प्रदर्शनीमा अप्रतियोगी र आमन्त्रित कलाकृति बुझाउन प्रदेशका हकमा सम्बन्धित प्रदेशको निम्न स्थानमा र राष्ट्रिय प्रदर्शनीका हकमा यस नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, नक्सालमा तल उल्लिखित मितिभित्र आ-आफ्ना कलाकृतिहरू बुझाउन देशभरिका ललितकलाकर्मीहरूलाई हार्दिक आह्वान गरिन्छ । यो सूचना प्रतिष्ठानको वेवसाइट **www.nafanepal.org** र यस प्रतिष्ठानको आधिकारिक फेसबुक पेजमा समेत हेर्न सकिने छ ।

प्रादेशिक प्रदर्शनीमा समावेश भई छानिएका कलाकृति मात्र राष्ट्रिय ललितकला प्रदर्शनीमा प्रतियोगी कलाकृतिका रूपमा समावेश हुने प्रावधान रहेकाले आ-आफ्ना प्रदेशमा हुने प्रादेशिक प्रदर्शनीमा कलाकृति तोकिएको समयभित्रै बुझाउन हुनसमेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

| क.सं | प्रदेश | कलाकृति बुझाउनुपर्ने स्थान | सम्पर्क नं. | कलाकृति बुझाउने अन्तिम मिति | प्रदर्शनी सञ्चालन हुने मिति | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| **क) प्रादेशिक प्रदर्शनी** | | | | | | |
| १ | कोसी | विराटनगर प्रज्ञा-प्रतिष्ठान, विराटनगर | अनुराधा थापा:९८४२०५०९८७ | ३० पुस २०८२ | २९ माघ २०८२ | ४ फागुन २०८२ |
| २ | मधेस | मैथिली विकास कोष, जनकपुरधाम, धनुषा | जीवनाथ चौधरी :९८५४०२००१३<br>श्यामसुन्दर शशी :९८५४०२५४२१<br>रुबी पाठक : ९८१५८९६९१८<br>शिवम पाण्डे :९८०८७८८६४३ | ३० पुस २०८२ | १६ माघ २०८२ | २० माघ २०८२ |
| ३ | बागमती | नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान,नक्साल,काठमाडौँ | ०१-४५११७२९<br>०१-४५११६४७ | ३० पुस २०८२ | ८ फागुन २०८२ | १२ फागुन २०८२ |
| ४ | गण्डकी | गैंडाकोट नगर प्रज्ञा-प्रतिष्ठान, गैंडाकोट, नवलपुर | भीम शर्मा : ९८४५०२३४४५ | ३० पुस २०८२ | १५ माघ २०८२ | १९ माघ २०८२ |
| ५ | लुम्बिनी | कालिका मानव ज्ञान माध्यामिक विद्यालय, बुटवल, रुपन्देही | सुमित्रा राना :९८४९०८२७१० | ३० पुस २०८२ | १७ माघ २०८२ | २१ माघ २०८२ |
| ६ | कर्णाली | नेपाल कमर्सियल आर्टिस्ट सङ्घ, सुर्खेत | शुभाष कुमार शाक्य :९८४८०७५३७४<br>चन्द्र बहादुर साँवद (दिपेन्द्र) :९८४१६२२३७९ | ३० पुस २०८२ | १९ माघ २०८२ | २३ माघ २०८२ |
| ७ | सुदूरपश्चिम | थारु कल्याणकारिणी सभा जिल्ला कार्यसमिति, कञ्चनपुर | सानु चौधरी :९८५८४८६९०२<br>रेशम चौधरी :९८०६४५३०२६ | ३० पुस २०८२ | २१ माघ २०८२ | २५ माघ २०८२ |
| **ख)** | **राष्ट्रिय ललितकला प्रदर्शनी** | नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान नक्साल, काठमाडौँ | ०१-४५११७२९ | - | १५ जेठ २०८३ | ३० जेठ २०८३ |

## ❖ प्रदर्शनीसम्बन्धी नियमहरू :

१) प्रतियोगी कलाकृतिहरू प्रदेश प्रदर्शनीमा समावेश भई सो प्रदर्शनीबाट सिफारिस भएपछि मात्र राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश हुन सक्ने छन्।

२) प्रदर्शनीमा सहभागी हुन चाहने कलाकारले यस सूचनामा तोकिएको अवधिभित्र प्रतिष्ठान र प्रदेशबाट उपलब्ध हुने अनुसूची २ अनुसार संलग्न) को आवेदन फारम अनिवार्य रूपमा भरी प्रदर्शनीमा राख्न चाहेको आफ्नो कलाकृति तोकिएको स्थानमा दर्ता गराउनुपर्ने छ।

३) प्रतियोगी/अप्रतियोगीका लागि समावेश गरिने कलाकृतिहरू एक वर्षभित्रै सिर्जना गरिएको, मौलिक सिर्जना हुनुका साथै कुनै पनि प्रदर्शनीमा समावेश नभएको हुनुपर्ने छ।

(क) प्रतिष्ठानले आमन्त्रण गरिएका कलाकार र तोकिएका अन्य कलाकारका हकमा छनोटको प्रावधान लागु हुने छैन तर विगतका राष्ट्रिय ललितकला प्रदर्शनीमा प्रदर्शित भइसकेका कलाकृतिहरू भने प्रदर्शनीका लागि मान्य हुने छैनन्।

(ख) प्रतिस्थापन कलाका हकमा २ वर्षभित्रको कामलाई मान्यता दिइने छ।

४) कलाकृतिको माध्यम जुनसुकै पनि हुन सक्ने छ। कलाकृति बुझाउँदा कलाकारले कलाकृतिबारे बढीमा २०० शब्दसम्मको अवधारणा नेपाली भाषामा बुझाउनुपर्ने छ।

५) हुबहु नक्कल गरिएको कलाकृतिलाई प्रतियोगितामा समावेश गराइने छैन।

६) प्रदर्शनीमा सहभागी हुने कलाकार १८ वर्ष उमेर पूरा गरेको नेपाली नागरिक हुनुपर्ने छ तर नवप्रतिभा कलाकारका हकमा १६ वर्ष उमेर पूरा गरी २८ वर्ष ननाघेको हुनुपर्ने छ।

७) सहभागी हुन चाहने कलाकारले कलाकृति बुझाउँदा निम्न कागजातहरू बुझाउनुपर्ने छ।

(क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(ख) पासपोर्ट साइजको कलाकारको फोटो १ प्रति

(ग) आफ्नो व्यक्तिगत विवरण (बायोडाटा)

(घ) कलाकारले कलाकृतिको डिजिटल फाइल अनिवार्य रूपमा बुझाउनुपर्ने छ।

८) प्राप्त कलाकृतिलाई प्रदर्शनी वा प्रतियोगितामा सहभागिताका लागि कार्यविधिबमोजिमको छनोट/मूल्याङ्कन समितिले छनोट गरी तोकिएको निकाय वा प्राज्ञपरिषद्मा सिफारिस गर्ने छ। छनोट समितिको सिफारिसलाई यथावत् रूपमा अनुमोदन गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सो तोकिएको समिति वा प्राज्ञपरिषद्मा रहने छ।

९) छनोटमा नपरेका कलाकृतिलाई प्रदर्शनीमा समावेश गराइने छैन।

१०) उत्कृष्ट कलाकृतिलाई राष्ट्रिय र प्रादेशिक रूपमा यस सूचनामा उल्लेख भएबमोजिम पुरस्कारको व्यवस्था गरिने छ।

११) प्रदर्शनीमा एक जना कलाकारले कुनै दुईवटासम्म कलाकृति समावेश गर्न सक्ने छ।

१२) एक जना कलाकार बढीमा तीन पटक (कुनै तीनवटा राष्ट्रिय ललितकला प्रदर्शनीमा) सम्म पुरस्कृत हुन सक्ने छ। एउटै विधामा लगातार ३ पटक सर्वोत्कृष्ट पुरस्कार पाएमा त्यस्तो कलाकारलाई ललितकला स्वर्णपदक प्रदान गरिने छ।

१३) प्रतियोगितामा सहभागी हुन चाहने कलाकारहरूले आवेदन फारामबापत रु. १५०/- र अप्रतियोगी कलाकारले रु. २००/- शुल्क बुझाउनुपर्ने छ तर आमन्त्रित कलाकारले कुनै शुल्क बुझाउनुपर्ने छैन।

१४) प्रादेशिक प्रदर्शनीमा समावेश भई राष्ट्रिय ललितकला प्रदर्शनीका लागि छनोट भएका कलाकृति प्रतिष्ठानकै तर्फबाट प्रदेशबाट केन्द्रसम्म ल्याउने व्यवस्था गरिने छ र प्रदर्शनी समाप्त भएपछि प्रदर्शनीका लागि प्राप्त कलाकृतिहरूमध्ये प्रदेश प्रदर्शनीबाट छनोट भई आएका कलाकृतिहरू प्रतिष्ठानकै तर्फबाट सम्बन्धित प्रदेशमा पुऱ्याउने व्यवस्था गरिने छ। त्यसरी प्रदेशमा पुऱ्याइएका कलाकृति प्रदेशमा पुऱ्याएको एक हप्ताभित्र र राष्ट्रिय प्रदर्शनीमा सोझै समावेश भएका कलाकृतिहरू प्रदर्शनी सकिएको एक हप्ताभित्र फिर्ता लैजानुपर्ने छ। तोकिएको समयभित्र फिर्ता नलगी कलाकृति हराएमा, बिग्रिएमा वा कुनै हानि-नोक्सानी भएमा प्रतिष्ठान जिम्मेवार हुने छैन।

१५) भवितव्य परी कुनै पनि कलाकृतिको हानि-नोक्सानी हुन गएमा प्रतिष्ठान जवाफदेही हुने छैन।

## ❖ प्रदर्शनीमा निम्न विधाका कलाकृतिका निम्न मापदण्ड बमोजिमका मौलिक कलाकृतिहरू मात्र समावेश गरिने छ।

**१) चित्रकला :** (क) समसामयिक चित्रकला : न्यूनतम आकार २×२ र अधिकतम आकार ६×६ फिटसम्मको हुनुपर्ने छ।

(ख) परम्परागत चित्रकला : न्यूनतम आकार १×१ र अधिकतम आकार ६×६ फिटसम्मको हुनुपर्ने छ।

(ग) मुद्रणकला छायाचित्र (प्रिन्टमेकिङ्ग) कला : न्यूनतम आकार १×१ र अधिकतम आकार ६×६ फिटसम्मको हुनुपर्ने छ।

**२) मूर्तिकला :** स्ट्यान्ड वा प्याडेस्टलबाहेक न्यूनतम १ फिट माथिको र अधिकतम ६×६×६ फिटसम्म हुनुपर्ने छ। सजिलैसँग टुटफुट हुनसक्ने किसिमका मूर्तिहरू टुटफुट हुन गएमा प्रतिष्ठान जिम्मेवार हुने छैन।

**३) बहुआयामिक तथा अन्य सिर्जनात्मक कला :**

**(क) सिर्जनात्मक छविकला (Creative Photography):** फ्रेमसहित कम्तीमा १५×२२ देखि बढीमा २४×३६ इन्चसम्मको हुनुपर्ने छ।

**(ख) भिडियो आर्ट :** बढीमा २ वटा क्लिपसम्म अधिकतम ३ मिनेटका Pendrive मा सम्पादनसहितको २ थान पेस गर्नुपर्ने छ।

**(ग) प्रतिस्थापन कला (Installation Art)** : प्रतिस्थापन कला प्रदर्शनीमा राख्न चाहने कलाकारले कलाकृति बुझाउन तोकिएको अन्तिम म्यादभित्रै बढीमा २०० शब्दको अवधारणा-पत्र (Concept Paper) अनिवार्य रूपमा बुझाउनुपर्ने छ। साथमा तीन/चार साइडको एक/एकप्रति तस्बिर पनि पेस गर्नुपर्ने छ। प्रदर्शनीका लागि गठित छनोट/मूल्याङ्कन समितिको बैठक बस्नुभन्दा तीन दिनअगाडि नै (कलाकारलाई बैठक बस्ने दिन सम्बन्धमा प्रतिष्ठानले जानकारी गराउने छ) प्रतिष्ठानद्वारा तोकेको स्थान, मिति र समयमा बढीमा २०० वर्ग फिट क्षेत्रमा आफ्नो कलाकृति प्रदर्शित गर्नुपर्ने छ । छनोट/मूल्याङ्कन समितिबाट मूल्याङ्कन भएपछि प्रदर्शनी सुरु हुनुभन्दा ३ दिन अगाडि नै तोकिएको बढीमा २०० वर्ग फिट क्षेत्रमा आफ्नो कलाकृति प्रदर्शनका लागि प्रतिस्थापन गरिसक्नुपर्ने छ।

**(घ) भावभङ्गिमा कला (Performance Arts) :** राष्ट्रिय ललितकला प्रदर्शनीमा कलाकृति बुझाउन तोकिएको म्यादभित्रै दरखास्तसाथ बढीमा २०० शब्दको अवधारणा प्रस्तुत गरी सो कलाको बढीमा ५ मिनेटसम्मको भिडियो क्लिप अनिवार्य बुझाउनुपर्ने छ। उक्त भिडियो क्लिप छनोट/मूल्याङ्कन समितिले तोकेको मिति, समय र स्थानमा प्रस्तुत गर्नुपर्ने छ।

**(ङ) मौलिक दृष्टान्त चित्रकला, कार्टुन, क्यारिकेचर, पोस्टर र डिजिटल कला:**

**(अ) मौलिक दृष्टान्त चित्रकला :** मौलिक दृष्टान्त कलाको न्यूनतम आकार ८x१२ र अधिकतम १४x२४ इन्चसम्मको एक वा एकभन्दा बढी शृङ्खला हुनुपर्ने छ।

**(आ) कार्टुन, क्यारिकेचर, पोस्टर र डिजिटल कला :** न्यूनतम आकार १५ ×२२ इन्च र अधिकतम २४×३६ इन्चसम्मको हुनुपर्ने छ।

**४) वास्तुकला तथा लोककला :**

**(क) वास्तुकला (शास्त्रीय) (Classic Architecture)** मौलिक र सोको सिर्जनात्मक मोडेल घटीमा (बेसमेन्टबाहेक) २×१.५×१ र बढीमा ६×४×३ फिटसम्मको हुनुपर्ने छ। साथै त्यसको ड्रइङ/स्केचसमेत पेस गरेको हुनुपर्ने छ।

**(ख) लोककला :** न्यूनतम आकार १×१ र अधिकतम आकार ६×६ फिटसम्मको हुनुपर्ने छ।

**५) शिल्प-हस्तकला** : न्यूनतम आकार ६ इन्चदेखि अधिकतम आकार ७२ इन्चसम्मको हुनुपर्ने छ।

**❖पुरस्कारको व्यवस्था**

१) प्रादेशिक ललितकला प्रदर्शनीमा समावेश भई सो प्रदर्शनीबाट राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्न सिफारिस भई राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश भएका कलाकृतिहरूमध्ये उत्कृष्ट कलाकृतिलाई निम्नानुसार पुरस्कारको व्यवस्था गरिने छ।

(क) सर्वोत्कृष्ट राष्ट्रिय ललितकला पुरस्कार

(ख) ललितकला विधागत पुरस्कार

(ग) नवप्रतिभा ललितकला राष्ट्रिय पुरस्कार

(क) सर्वोत्कृष्ट राष्ट्रिय ललितकला पुरस्कार (सबै विधाहरूमध्येबाट सर्वोत्कृष्ट )- एक जनालाई रु.१,००,०००/-

(ख) ललितकला विधागत (राष्ट्रिय) पुरस्कार निम्नानुसार दिइने छ :

१. चित्रकला

(क) परम्परागत चित्रकला - एक जनालाई रु. ६०,०००/-

(ख) समसामयिक/आधुनिक चित्रकला - एक जनालाई रु. ६०,०००/-

२. मूर्तिकला

(क) परम्परागत मूर्तिकला - एक जनालाई रु. ६०,०००/-

(ख) समसामयिक/आधुनिक मूर्तिकला - एक जनालाई रु. ६०,०००/-

३. शिल्प-हस्तकला - एक जनालाई रु. ६०,०००/-

४. वास्तुकला तथा लोककला (चित्र/मूर्ति) - दुई जनालाई रु. ६०,०००/- (प्रति व्यक्ति)

५. बहुआयामिक तथा अन्य सिर्जनात्मक कला - एक जनालाई रु. ६०,०००/-

६. नवप्रतिभा ललितकला राष्ट्रिय पुरस्कार - - एक जनालाई रु. ६०,०००/-

२) माथि उल्लिखित राष्ट्रिय स्तरका पुरस्कारका लागि कलाकृतिको मूल्याङ्कन गरी सिफारिस गरिसकेपछि छनोट/मूल्याङ्कन समितिले राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश भई केन्द्रीय स्तरको पुरस्कार नपाएका प्रतियोगी कलाकृतिहरूमध्येबाट प्रदेशगत रूपमा मूल्याङ्कन गरी प्रदेशगत रूपमा निम्नानुसार प्रादेशिक ललितकला पुरस्कार दिइने छ ।

१. सबै विधाहरूमध्येबाट उत्कृष्ट - एक जनालाई रु. ५०,०००/-

२. विधागत प्रादेशिक पुरस्कार

(क) चित्रकला

क.परम्परागत चित्रकला - एक जनालाई रु. ३०,०००/-

ख.समसामयिक चित्रकला - एक जनालाई रु. ३०,०००/-

(ख) मूर्तिकला

क.परम्परागत मूर्तिकला - एक जनालाई रु. ३०,०००/-

ख.समसामयिक/आधुनिक मूर्तिकला - एक जनालाई रु. ३०,०००/-

(ग) शिल्प-हस्तकला - एक जनालाई रु. ३०,०००/-

(घ) वास्तुकला तथा लोककला (चित्र/मूर्ति) - दुई जनालाई रु. ३०,०००/- (प्रति व्यक्ति)

(ङ) बहुआयामिक तथा अन्य सिर्जनात्मक कला - एक जनालाई रु. ३०,०००/-

३. नवप्रतिभा ललितकला प्रादेशिक पुरस्कार - एक जनालाई रु. ३०,०००/-
(कुनै विधाबाट एक उत्कृष्ट कलाकृतिलाई)

**नोट** :

- यस सूचनामा प्रस्ट नभएका कुराको व्याख्या प्राज्ञपरिषद्‌ले गर्ने छ ।


**नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठान, नक्साल, काठमाडौं ।**

**टेलिफोन :०१-४५११७२९/०१-४५११६४५ E-mail: info@nafanepal.org**

**वेवसाइट : www.nafanepal.org**

## अनुसूची २
**दफा ३ को खण्ड (क) को (१) सँग सम्बन्धित**
**प्रादेशिक ललितकला प्रदर्शनी-२०८२/राष्ट्रिय ललितकला प्रदर्शनी-२०८३**

# Provincial and National Exhibition of Fine Arts-2026

## कलाकृति दर्ता फाराम
## Artwork Registration

**कलाकारको फोटो**

दर्ता नं. :
Registration No. :
मिति :
Date :

**१.व्यक्तिगत विवरण -**

कलाकारको नाम :
Artist Name:
ठेगाना :
Address :
सम्पर्क नं. :
Contact Number :
जन्ममिति :
Date of Birth :
इमेल :
E-mail :
लिङ्ग :
Gender :
प्रदेश :
Province :

**२. कलाकृतिको विवरण**

क) शीर्षक (Title) :
ख) विधा (Genare):
ग) कलाकृति सङ्ख्या (Number of arts) :
घ) प्रतियोगी/अप्रतियोगी/नवप्रतिभा (Competitor/Non Competitor/ New Talent)
ङ) माध्यम (Medium):
च) साइज (Size):
छ) मूल्य (Price):
ज) कलाकृतिको मुख्य धारणा (Theme):

१) यो कलाकृति एक वर्षभित्र सिर्जना गरिएको मेरो आफ्नै मौलिक कलाकृति हो ।
२) यो कलाकृति यसअघि कुनै प्रदर्शनीमा राखिएको छैन ।
माथि लेखिएको सबै बेहोरा ठिक साँचो हो । फरक परेमा वा झुटा ठहरेमा नियमानुसार कारबाही भएमा मञ्जुर छ ।

**३.संलग्न-**

१) कलाकारको व्यक्तिगत विवरण (Bio–data)
२) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि । (सक्कल प्रमाणपत्र अनिवार्य)
३) पोस्टकार्ड साइजको रङ्गिन फोटो एकप्रति

नोटः- १) एक जना कलाकारले दुईवटासम्म कलाकृति समावेश गर्न सकिने छ ।
२) ठेगाना जुन प्रदेशको छ कलाकृति सोही प्रदेशमा बुझाउनुपर्ने छ ।
३) प्रतियोगितामा सहभागी हुन चाहने कलाकारहरूले आवेदन फारामबापत रु. १५०/- र अप्रतियोगी कलाकारले रु. २००/- शुल्क बुझाउनुपर्ने छ तर आमन्त्रित कलाकारले कुनै शुल्क बुझाउनुपर्ने छैन ।

हस्ताक्षर :
Signature :
मिति :
Date:

कलाकार प्रश्नावली फाराम

अनुसन्धान, सिर्जना र सम्मान !
नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान
**NEPAL ACADEMY OF FINE ARTS**
**E-mail: info@nafanepal.org**

ललितकलाकर्मीबारे सङ्क्षिप्त जानकारीका लागि केही प्रश्नावली-फाराम

१. कलाकारको नाम/थर : बहालवाला पद वा कार्यकारिता :
जन्म मिति : लिङ्ग :
बुबाको नाम :
आमाको नाम :
स्थायी ठेगाना : सम्पर्क फोन नं.
अस्थायी ठेगाना : वेभसाइट/इमेलः :

२.आर्थिक अवस्थाः उच्च, मध्यम, निम्नमध्यम, निम्न र अतिनिम्न (कुनैमा टिकचिह्न लगाउने)

☐ उच्च मध्यम ☐ निम्न मध्यम ☐ निम्न ☐ अतिनिम्न ☐ खुलाउन चाहन्न

३.मुख्य सिर्जना विधा र विषय क्षेत्रः ( चित्रकला/मूर्तिकला, शिल्प-हस्तकला, वास्तुकला, लोककला आदि कुनै तीन/चार उपविधाहरू)

☐ चित्रकला ☐ मूर्तिकला ☐ शिल्प-हस्तकला ☐ वास्तुकला/लोककला ☐ परम्परागत चित्रकला ☐ बहुआयमिक तथा अन्य सिर्जनात्मक कला

४.मुख्य रचना/कृति (कुनै २/३ नमुना, फोटो) चित्र/मूर्ति (वास्तु तथा लोक/परम्परा, आधुनिक/समसामयिक,शिल्प-हस्त आदि)

☐ ☐ ☐

५.मुख्य कार्यक्षेत्रः कलाकारिता नै हो कि अन्य ? (जीविकोपार्जनार्थ व्यवसायी विषय/विधा के हो ?)

☐ कलाकारिता ☐ अन्य ☐ कलाकारिता सहित अन्य

६. शैक्षिक योग्यता

(क) औपचारिक : (ललितकलामा/अन्यमा) : ☐ ललितकला ☐ अन्य

(ख) अनौपचारिक : (तालिम/प्रशिक्षण/गुरुपरम्परा/स्वाध्ययन) : तालिम प्रशिक्षण गुरुपरम्परा स्वाध्ययन

७.कला प्रदर्शनीहरूमा सहभागिता : एकल/समूह वा अन्य : (देश- विदेश) मुख्य-मुख्य ३–५ वटासम्म)

| | | | | |
|---|---|---|---|---|
| एकल | ☐ १. | ☐ २ | ☐ ३ | ☐ ३ भन्दा बढी |
| सामूहिक | ☐ १. | ☐ २ | ☐ ३ | ☐ ३ भन्दा बढी |
| अन्तर्राष्ट्रिय | ☐ १. | ☐ २ | ☐ ३ | ☐ ३ भन्दा बढी |

८.आफू संलग्न सङ्घ-संस्थाहरूको नाम र ठेगाना : (कला-सांस्कृतिक सरोकारी कुनै तीनवटा संस्था :

१.................................................. २.............................................३.............................................

४............................................... ५............................................ ६.....…………………………………

९.पुरस्कार/सम्मान/मान पदवी (विभूषण) : (कुन रचनामा, मिति, प्रदानकर्ता ? आदिसमेत) (३-५ वटासम्म)

१. २. ३.

१०.कलासम्बन्धी कुनै लेख-रचना र अनुसन्धान/अन्तर्वार्ता वा अन्य गतिविधिका नमुना शीर्षक र विषयहरू (३-५ वटा नमुनासम्म) :

रचना : ☐ ☐ २ ☐ ३ ☐ ३ भन्दा बढी

मुख्य नाम : ........................................................

११.विशेष अनुभवका क्षेत्रहरू/योगदानसमेत (क्षेत्रहरू) :कलाकारिताबाहेक छ भने

१.

२.

१२.कलायात्रा तथा क्रियाकलापमा सहभागिता (देश/विदेश) :

देश :

विदेश :

१३.विशेष मनपर्ने समकक्षी तथा अग्रज कलाकारहरू तथा उहाँहरूका कलाकृतिहरू : (स्वदेशी/विदेशी कुनै पनि ३-५ जनाको नाम) :
मनपर्नुको कारण ?: (एक अनुच्छेदमा) :

१.

२.

३.

१४.तपाईंको कलाकारिता विकासमा : अवसर र प्रेरित वातावरण के-कस्तो र कत्तिको छ ?

| | | |
|---|---|---|
| परिवारबाट सहयोग | छ ☐ | छैन ☐ |
| समुदाय वा राज्यबाट सहयोग | छ ☐ | छैन ☐ |

१५.तपाईंको कलाकारिता कार्यमाः बाधा/समस्याहरू के के छन् ?(कुनै ३ बुँदाहरूमा)

☐ पारिवारिक ☐ आर्थिक ☐ सामाजिक

१६.नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको संस्थागत संरचना विस्तार र सही कार्य-विकासार्थ के-कस्तो नीति/नियमको थप व्यवस्था गर्नुपर्ला ?

-
-
-

१७. अन्य केही थप कुराहरू अहिले नै उठाउनुपर्ने छ ?

१८. व्यक्तिगत विवरण (**Biodata**)

हस्ताक्षर :

मिति :

**नोट : थप कुरा रहेमा अर्को पाना समावेश गर्न सकिने छ ।**

**कला तथा कलाकार सर्वेक्षणका लागि विवरण उपलब्ध गराइदिनुपर्ने ढाँचा**

| क.सं | प्रदेश | जिल्ला | स्थानीय तह | कलाविधा/क्षेत्र | कलाकारको नाम | कलाकारको सम्पर्क विवरण इमेल/फोन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |